# उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**

# उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

**<u>प्रस्तावना:</u>** नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सक्ने सम्भावना रहेको हुँदा पनि न्यून आम्दानीका कारण कृषि क्षेत्र आकर्षक र सम्मानित हुन सकेको छैन तसर्थ कृषि पेशामा पूर्ण रुपमा आबद्ध रही विशिष्ट योगदान पुऱ्याउदै आएका कृषकहरुलाई थप प्रोत्साहन गर्न र कृषकको योगदानलाई उच्च सम्मान गरि कृषि पेशालाई सम्मानित, व्यवसायिक र आकर्षक बनाउने अवधारणाका साथ आ.व. २०७५/७६ को प्रदेश सरकार, प्रदेश नं ५ को नीति कार्यक्रम बुदां नं ६४ र ८२ को कार्यान्वयनार्थ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५" तयार गरी लागू गरेकोछ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७५ सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम सम्झनुपर्छ।

(ग) "न्यूनतम योग्यता" भन्नाले यसै कार्यविधिको अनुसूची १ र अनुसूची २ मा उल्लेख भएको उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रममा सहभागिताका लागि तोकिएको न्यूनतम मापदण्ड सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ङ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "सम्बन्धित कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई सम्झनुपर्छ।

(छ) "विज्ञ केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ।

(ज) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

**३. <u>उद्देश्यहरु:</u>** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-

(क) कृषकको योगदानलाई सम्मान गर्दै कृषि पेशालाई समाजको आकर्षक एवम् सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने।

(ख) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरि कृषि पेशालाई व्यावसायीक बनाउन सहयोग पुऱ्याउने ।

(घ) युवालाई कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी व्यवस्था</u>

**४. <u>उत्कृष्ट कृषक छनौट विधि:</u>** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहायबमोजिम हुनेछ।

(क) कार्यक्रममा सहभागी हुनको लागि निर्देशनालयले अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ।

(ख) कार्यक्रममा अनुसूची २ वा ३ अनुसारको मापदण्ड पूरा गरेका बाली/पशुपन्छीको लागि कृषकहरुले अनुसूची ४ अनुसारको निवेदन तथा अनुसुची ५ अनुसारको फर्मेट भरी तोकिएको कार्यालयमा समय सीमा भित्र पेश गर्नुपर्नेछ।

(ग) निवेदन पेश गर्ने अवधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित कार्यालयले उत्कृष्ट पुरस्कारका लागि योग्य कृषकहरु छनौट गरी सम्पूर्ण कागजात सहित निर्देशनालयमा सिफारिस गर्नुपर्नेछ।

(घ) कृषि विकास निर्देशनालयमा प्राप्त भएका विवरणहरु कम्पाईल गरी मूल्याङ्कनको लागि दफा ७ उपदफा (२) र (३) बमोजिमका प्राविधिक उप-समितिलाई जिम्मा दिने र उक्त समितिले अनुसूची ६ बमोजिम मूल्याङ्कनका आधारहरुमा उत्कृष्ट कृषक छनौट गरी कार्यक्रम कार्यन्वयन समितिमा सिफारिस गर्नेछ।

**५. <u>उत्कृष्ट कृषकको घोषणा र पुरस्कार वितरणः</u>** (१) प्राविधिक उप-समितिको प्रतिवेदनका आधारमा उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन समितिले उत्कृष्ट /सर्बोत्कृष्ठ गरी २१ जना कृषकलाई पुरस्कृत गर्नेछ।

(२) उत्कृष्ट कृषक पुरस्कार पाउने कृषकहरुको अभिलेख सम्बन्धित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अद्यावधिक गर्नुपर्नेछ।

(३) एक पटक कुनै विधामा उत्कृष्ट ठहर भएका कृषकलाई सोही विधामा पुरस्कारका लागि कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सिफारिस गरिने छैन तर फरक विधामा सिफारिस गर्न बाधा पर्नेछैन।

(४) एक पटक उत्कृष्ट पुरस्कार पाईसकेका कृषकलाई सर्वोत्कृष्ट कृषक पुरस्कारको लागि ज्ञान केन्द्र र विज्ञ केन्द्रहरुबाट अद्यावधिक वस्तु स्थिति सहित कृषि विकास निर्देशनालयमा सिफारिस गर्न सकिनेछ।

(५) उत्कृष्ट कृषकलाई पुरस्कार एवम् सम्मान गर्न आवश्यक पर्ने बजेट रकम कृषि विकास निर्देशनालयको वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरि व्यवस्था गर्नुपर्ने छ।

(६) उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार एवम् सम्मान समारोहमा प्रस्तुती सहित उपस्थितीका लागि कृषि विकास निर्देशनालयले आमन्त्रणको व्यवस्था गर्नेछ।

**६. <u>पुरस्कारको विधा र रकमः</u>** पुरस्कारको विधा र रकम तालिका १. बमोजिम हुनेछ।

तालिका १.

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|
| १ | सर्वोत्कृष्ट कृषक पुरस्कार | १ लाख | १ जना |
| २ | उत्कृष्ट कृषक पुरस्कार<br>• अन्नबाली, दलहन,तेलहन तथा उखु बाली<br>• तरकारी, मसला, चिया तथा कफि बाली<br>• फलफूल तथा फूल खेति<br>• पशुपन्छी, घाँसखेति तथा माछापालन<br>• च्याउ, मौरी तथा रेशम खेति | हरेक विधामा<br>प्रथम- रु २००००<br>द्वितिय- रु १५०००<br>तृतिय- रु १००००<br>सान्त्वना-रु ५००० | २० जना |

## परिच्छेद ३

## समितिसम्बन्धी व्यवस्था

**७. <u>समितिहरु गठन हुने:</u>** (१) कार्यक्रम कार्यान्वयन गर्न देहायबमोजिमको उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) बरिष्ठ वैज्ञानिक वा प्रतिनिधि, क्षेत्रिय कृषि अनुसन्धान केन्द्र | सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधि, कृषि/ पशु फार्म केन्द्र | सदस्य |
| (घ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, भू. कृ. स. मन्त्रालय | सदस्य |
| (ङ) योजना, कार्यक्रम तथा अनुगमन शाखा प्रमुख कृषि विकास निर्देशनालय | सदस्य सचिव |

नोटः आवश्यकताको आधारमा समितिले सम्बन्धित विषयको विषय विषेशज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(२) कृषि विकास निर्देशनालयमा प्राप्त आवेदन/निवेदनहरुको आवश्यक कम्पाइल तथा विश्लेषण गर्न देहायबमोजिमको प्राविधिक उपसमिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकास निर्देशनालय | संयोजक |
| (ख) बरिष्ठ वैज्ञानिक वा प्रतिनिधि, क्षेत्रिय कृषि अनुसन्धान केन्द्र | सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधि, कृषि/ पशु फार्म केन्द्र | सदस्य |
| (घ) प्रमुख वा प्रतिनिधि, कृषि सूचना तथा संचार शाखा,कृषि विकास निर्देशनालय | सदस्य सचिव |

नोटः आवश्यकताको आधारमा समितिको काम कार्तब्य र अधिकार कार्यक्रम कार्यन्वयन समितिले तोके बमोजिम हुनेछ । समितिले बैठकमा सम्बन्धित विषयको विषय विषेशज्ञलाइ आमन्त्रण गर्न सक्नेछ।

(३) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा प्राप्त आवेदन/निवेदनहरुको आवश्यक कम्पाइल र विश्लेषण गर्न देहायबमोजिमको प्राविधिक उपसमिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख) बरिष्ठ वैज्ञानिक वा प्रतिनिधि, क्षेत्रिय कृषि | सदस्य |

अनुसन्धान केन्द्र

(ग) प्रमुख वा प्रतिनिधि, कृषि/ पशु फार्म केन्द्र सदस्य

(घ) पशु विकास अधिकृत,पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय सदस्य सचिव

नोटः आवश्यकताको आधारमा समितिले सम्बन्धित विषयको विषय विषेशज्ञलाइ आमन्त्रण गर्न सक्नेछ।

**परिच्छेद ४**

**विविध**

८. **अनुगमन निरिक्षण तथा सिफारिसः** (१) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमा सहभागी हुन कृषकले निवेदन फारममा उल्लेख गरेको विवरण सम्बन्धी स्थलगत निरिक्षण एवम् कृषकको निवेदन सहितको सिफारिस गर्ने कार्य सम्बन्धित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको हुनेछ ।

(२) पुरस्कृत हुन योग्य देखिएका कृषकहरुको विवरण रुजू गर्न स्थलगत निरिक्षण एवम् अनुगमन गर्ने गराउने कार्य प्राविधिक उप- समितिको हुनेछ ।

(३) स्वीकृत बजेटको परिधिभित्र रही तोकिएको पुरस्कार राशि नघट्ने गरी सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमन र व्यवस्थापनमा स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ र पुरस्कार रकममा प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गरिनेछ।

९. **मन्त्रालयको निर्णय बमोजिम हुनेः** यस कार्यविधिमा ब्याख्या अपूर्ण तथा अस्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा कठिनाई भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ ले निर्णय गरे बमोजिम हुनेछ।

**अनुसूची १**

**(दफा ४ (क) संग सम्बन्धित )**

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति २०.../.../...

यस निर्देशनालयको आ.व.२०७...../०७.. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रममा सहभागि हुन ईच्छुक मापदण्ड पुगेका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिको ३० दिन भित्र कार्यालय समय भित्र आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । निवेदनका साथ संलग्न हुनु पर्ने फारम, न्यूनतम मापदण्ड लगायतका थप जानकारीका लागि कृषि विकास निर्देशनालय, रुपन्देही मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## अनुसूची-२

## (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषकलाई सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड (कृषि)

| क्र.सं. | बालीको नाम | क्षेत्रफल संख्या/न्यूनतम | कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली तथा दलहन तेलहन बाली | तराईमा १५ कठ्ठा र पहाडमा १० रोपनी | |
| २ | तरकारी बाली, पुष्प तथा मसला बाली | तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी (प्लास्टिक हाउस १००० वर्ग फिट) | |
| ३ | च्याउ | १० वटा टनेल (५०० वर्ग फिट) | |
| ४ | अलैचि, अदुवा | ५ रोपनि | |
| ५ | आंप, ओखर, कटहर, अनार, | ५० बोट | |
| ६ | लिचि | ७५ बोट | |
| ७ | अम्बा, सुन्तला, जुनार, स्याउ, नास्पाती, आरुबखडा | १०० बोट | |
| ८ | स्ट्रबेरी | २ रोपनि | |
| ९ | किंबी, कफि | ५ रोपनि | |
| १० | केरा | ७ कठ्ठा | |
| ११ | चिया | ५ रोपनि | |
| १२ | उखु | १० कठ्ठा | |
| १३ | मौरीपालन | ५० घार/गोला भएको | |
| १४ | खाद्यान्न विउ बृद्दि | तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी | |
| १५ | तरकारी विउ बृद्दि | तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी | |
| | | | |

नोटः उपरोक्त बाहेक कुनै पनि जिल्लामा कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नु परेमा कृषि विकास निर्देशनालयबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिन्छ र सो को पुष्टयाई संलग्न राखी पठाउनु पर्नेछ।

## अनुसूची-३

### (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषकलाई सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड (पशुपंछी तथा मत्स्यपालन)

| क्र.सं. | बाली/पशुपन्छीको नाम | क्षेत्रफल संख्या/न्यूनतम | कैफियत |
|---|---|---|---|
| १ | माछापालन | तराईमा ५ कठ्ठा र पहाडमा ३ रोपनी | |
| २ | गाईभैसी | गाई १० माउ र भैसी ७ माउ | |
| ३ | भेडा बाख्रा | भेडाः तराईमा ५० माउ र पहाडमा १०० माउ ,बाख्रा ५० माउ | |
| ४ | बुंगुर /सुंगुर | २० माउ | |
| ५ | कुखुरा | २००० वटा | |
| ६ | हाँस | १००० वटा | |
| ७ | घाँस खेती | तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी | |

नोटः उपरोक्त बाहेक कुनै पनि जिल्लामा कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नुपरेमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिन्छ र सो को पुष्ट्याई संलग्न राखी पठाउनु पर्नेछ।

## अनुसूची ४
## (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू
कृषि ज्ञान केन्द्र/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
..............................................

विषयः उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सहभागी गराई पाउ।

श्री .....................................को मिति ............... को सार्वजनिक सूचना अनुसारको उत्कृष्ट पुरस्कार प्रतियोगितमा मलाई सहभागी हुन ईच्छा भएकोले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरि दिनुहुन अनुरोध गर्दछु।

निवेदक
नामः
दस्तखतः
ठेगानाः
मोबाईल नः

## अनुसूची ५
## (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले निवेदन संगै पेश गर्नुपर्ने विवरण भर्ने फर्मेट

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः

२. जन्म स्थान र जन्म मितिः

३. सहभागी स्थायी ठेगानाः

४. पत्राचार ठेगानाः

५. श्रोत साधनको विवरणः

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसंग भएको स्रोत साधन | | |
| क | कुल जग्गाको क्षेत्रफल (ठेक्कामा लिएको जग्गा समेत) | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| २. | सिंचाईको स्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ्ग | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

६. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| क | खाद्यान्नबाली | | | |
| १. | धान | | | |
| २. | मकै | | | |
| ३. | गहुँ | | | |
| ४. | कोदो | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | जौ | | | |
| ६. | फापर | | | |
| ७. | आलु | | | |
| ख | दालबाली | | | |
| ग | तेलबाली | | | |
| १. | रायो, तोरी, सर्स्यू | | | |
| २. | तील, आलस | | | |
| ३. | सुर्यमुखी | | | |
| घ | तरकारीबाली | | | |
| १. | बर्षे तरकारी | | | |
| २. | हिउँदे तरकारी | | | |
| ३. | बेमौसमी तरकारी | | | |
| ङ | आलु | | | |
| च | मसलाबाली | | | |
| १. | प्याज, लसुन, खुर्सानी | | | |
| २. | अदुवा, बेसार | | | |
| छ | अलैची | | | |
| ज | उखु | | | |
| झ | चिया, कफि | | | |
| ञ | फलफुलबाली | | | |
| १. | स्याउ | | | |
| २. | सुन्तलाजात | | | |
| ३. | आँप, लिचि | | | |
| ४. | केरा | | | |
| ट | घाँस खेती | | | |
| १. | बर्षे घाँस | | | |
| २. | हिउँदे घाँस | | | |
| ३. | डाले घाँस | | | |
| ठ | मौरीपालन | | | |
| ड | रेशम खेती | | | |
| ढ | अन्य (स्थान विशेष | | | |

| | | | | |
|---|---|---|---|---|
| | बाली) | | | |
| ण | माछापालन | | | |
| त | वीउ उत्पादन (कुनै बाली वा पशु विशेषको भएमा) | | | |
| थ | नर्सरी | | | |
| द | श्रोत केन्द्र (कुनै बाली वा पशु विशेषको श्रोत केन्द्र भएमा) | | | |

७. पशुपन्छी पालन तथा उत्पादन बिवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १. | पशुपन्छी | | |
| २. | ठूला पशु संख्या (गाई, गोरु, भैसी, राँगो आदि) | | |
| ३. | साना पशु संख्या | | |
| ४. | प्रजननको लागि पालिएको पशुको विवरण | | |
| ५. | हाँस, कुखुरापालन | | |
| ६. | दुध उत्पादन | | |
| ७. | मासु उत्पादन | | |
| ८. | अण्डा उत्पादन | | |
| ९. | उन उत्पादन | | |

८. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| सि.नं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | विकास कार्यालयसंग सम्पर्क/समन्वय स्थिति | | | | |
| २. | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३. | बाली तथा पशुधन वीमा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम पहुँच | | | | |
| ४. | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५. | प्राविधिकसंगको सम्पर्क स्थिति | | | | |

९. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेती कार्यमा | | | |
| २. | पशुपालन कार्य | | | |
| ३. | पन्छी पालन कार्य | | | |
| ४. | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

१०. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ १. | जम्मा खेती खर्च | | |
| १ २. | जम्मा पशुपालन खर्च | | |
| · ३. | जम्मा पन्छी पालन खर्च | | |
| ४. कृ | जम्मा कृषि औजार उपकरण खरिद खअन्य खर्च | | |
| षि ५. | कुल जम्मा खर्च | | |

व्यवसायमा भएको लगानीको स्रोत

| क्र.सं. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २. | अन्य विकास बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३. | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४. | साहुबाट लिएको ऋण रकम | | |
| ५. | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६. | आफ्नै आम्दानीबाट व्यहोरिएको रकम | | |
| | जम्मा | | |

१२. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन बाट | | |
| ३ | पन्छी पालन बाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कुल जम्मा आम्दानी | | |

१३. निम्न विषयमा सहभागी कृषक दक्षता

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागतको तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशन्सा पाएको (पाएको/नपाएको) | |
| ८ | समूह, समिति, सहकारीका सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान/प्रदान (गरेको/नगरेको) | |

१४. नयाँ कृषि प्रविधिको विकास

१५. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१६. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१७. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१८. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरि)

**अनुसूची-६**
**(दफा ४ (घ) संग सम्बन्धित)**

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्यांकनका आधारहरु

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | २० | |
| ३ | उत्पादन स्थिति | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानी स्थिति | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | |
| ८ | विकास कार्यालय एवं प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९ | प्रविधिक ज्ञान सीपबारे जानकारी एवं प्रयोग स्थिति | १० | |
| १० | कृषि व्यवसायको दिगोपना स्थिति | १० | |
| जम्मा | | १०० | |